# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः ९) पञ्चकन्या, असोज महिना ३१ गते, २०८२ साल (संख्याः ६**

**भाग–२**

विद्यालय लेखापरीक्षणको शुल्क निर्धारण सम्बन्धी मापदण्ड, २०८१

(पहिलो संसोधन)

कार्यपालिकाबाट पारित मितिः२०८१/०७/३०
कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८२/०६/३१

**प्रस्तावना**

पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालय र सिकाइ केन्द्रहरुको वार्षिक लेखापरीक्षणको शुल्कलाई मितव्ययी, वस्तुनिष्ट, यथार्थपरक, पारदर्शी बनाई एकरुपता कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ उपधारा २ को बुँदा नं ज(२१) को मर्मलाई समेत ध्यानमा राखी यो मापदण्ड जारी गरिएको छ।

## १. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भः

क) यो मापदण्डको नाम विद्यालय लेखापरीक्षणको शुल्क निर्धारण सम्बन्धी मापदण्ड, २०८१ रहेको छ।

ख) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागु हनेछ।

ग) यो मापदण्ड पञ्चकन्या गाउँपालिकाभित्रका सामुदायिक विद्यालय र सिकाइ केन्द्रहरुमा लागु हुनेछ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

क) गाउँपालिका भन्नाले पञ्चकन्या गाउँपालिकालाई सम्झनुपर्छ।

ख) कार्यपालिका भन्नाले पञ्चकन्या गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

ग) कार्यालय प्रमुख भन्नाले पञ्चकन्या गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

घ)मापदण्ड भन्नाले पञ्चकन्या गाउँपालिकाको विद्यालय लेखापरीक्षणको शुल्क निर्धारण सम्बन्धी मापदण्ड, २०८१ लाई सम्झनुपर्छ।

ङ) शिक्षा शाखा प्रमुख भन्नाले पञ्चकन्या गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको काम गर्न तोकिएको प्रमुख कर्मचारीलाई सम्झनुपर्छ।

च) लेखापरीक्षण रकम भन्नाले अघिल्लो आर्थिक वर्षसम्मको बैङ्क मौज्दातबाहेक लेखापरीक्षण गर्ने आ.व.मा विद्यालयमा बिभिन्न शिर्षकमा प्राप्त रकम वा खर्च भएको रकममध्ये जुन ठुलो छ सोही रकमलाई सम्झनुपर्नेछ।

छ) विद्यालय भन्नाले सामुदायिक विद्यालय र सिकाइ केन्द्रहरुसमेतलाई सम्झनुपर्दछ।

## ३. लेखापरीक्षण बापतको शुल्क निर्धारण

लेखापरीक्षक संस्थाले लेखापरीक्षण शुल्क बापत देहायबमोजिमभन्दा नबढाई शुल्क सम्बन्धित विद्यालयबाट प्राप्त गर्नेछन।

क. वार्षिक लेखापरीक्षण रकम रु १५ लाख सम्म भएमा रु ५,२५०/-

ख. वार्षिक लेखापरीक्षण रकम रु १५ लाख भन्दा बढि ५० लाखसम्म भएमा सोको ०.१५% वा रु ५,२५०/- मध्ये जुन बढि हुन्छ सोही रकम,

ग. वार्षिक लेखापरीक्षण रकम रु ५० लाख भन्दा बढि ७५ लाखसम्म भएमा सोको ०.१४% वा रु ७,५००/- मध्ये जुन बढि हुन्छ सोही रकम,

घ. वार्षिक लेखापरीक्षण रकम रु ७५ लाख भन्दा बढि १ करोडसम्म भएमा सोको ०.१३% वा रु १०,५००/- मध्ये जुन बढि हुन्छ सोही रकम,

ङ. वार्षिक लेखापरीक्षण १ करोडमाथि जतिसुकै भएपनि अधिकतम रु १३०००/-

## ४. लेखापरीक्षणको व्यवस्थापनः

(क) विद्यालयका प्र.अ. ले लेखापरीक्षकलाई आवश्यक कागजात उपलब्ध गराउनुपर्नेछ।

(ख)लेखापरीक्षकले समयमै लेखापरीक्षण नगरेमा वा प्रतिवेदन नदिएमा गाउँपालिकाले अर्को लेखापरीक्षक खटाउनेछ। सो लेखापरीक्षक संस्थालाई गाउँपालिकाभित्रका विद्यालयमा अर्को दुई वर्ष लेखापरीक्षणमा सामेल हुन दिने छैन।

(ग) लेखापरीक्षण सम्बन्धित विद्यालयमा उपस्थित भई गर्नुपर्नेछ।

**५. संशोधन सम्बन्धी व्यवस्थाः** यस मापदण्डमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**६. अन्तिम निर्णयः** यस मापदण्डमा अल्लेखित कुनै कुरामा दुविधा परेमा सो सम्बन्धी निर्णय गर्ने अन्तिम अधिकार कार्यपालिकामा निहित रहने छ।

**आज्ञाले**

**हिराधन राई**

**प्रमुख प्रशासकीय अधिकृत**